नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)**
कार्यक्रम समन्वय इकाई

सिंहदरवार,काठमाण्डौ

प.सं.: २०७४/०७५
च.नं.: २५८

मितिः- २०७५।१।११

## विषय:तालिम सञ्चालन सम्बन्धी शर्त पठाइएको ।

**श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७४/७५ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम स्थानीय तहका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि देहाय बमोजिमका तालिम कार्यक्रमहरु सञ्चालन गर्न ७७ वटै जिससहरुमा आवश्यक बजेट विनियोजन गरी पठाइएको छ । निम्नानुसारका शर्तहरुको अधिनमा रही उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नुहुन अनुरोध छ ।

| सि नं | तालिमको बिषय | तालिम अवधि | तालिमका सहभागीहरु | शर्तहरु |
|---|---|---|---|---|
| १ | न्यायिक समिति | ३ दिने(जिल्ला स्तर) | न्यायिक समितिका सदस्य ३ जना र न्यायिक समिति हेर्ने १ कर्मचारी सहित जम्मा ४ जना | • ५० जना सहभागी बराबर १ तालिम समुहको हिसाबले बजेट व्यवस्था गरिएको छ ।<br>• खाना नास्ता एवं आवास समेतका लागि प्रतिव्यक्ति प्रतिदिन रु १,८०० (जिल्लास्तर) र रु १,२०० (स्थानीय स्तर)<br>• श्रोत व्यक्तिका लागि कार्यपत्र र सेसन वापत प्रति सेसन रु. ३,४०० (जिल्ला स्तर) तथा (नगर स्तर) र रु. २,१०० (गाउँ स्तर) |
| २ | योजना र बजेट निर्माण | २ दिने (जिल्ला स्तर) | प्रमुख/अध्यक्ष,उपप्रमुख/ उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, लेखा प्रमुख र योजना हेर्ने १ कर्मचारी सहित जम्मा ५ जना | |
| ३ | स्थानीय सरकार संचालन सम्बन्धि एवं अन्तरसम्बन्धित विषय | ३ दिने (स्थानीय स्तर) | वडा अध्यक्ष, वडा सदस्यहरु, कार्यपालिका अन्य सदस्यहरु र वडा सचिव | |
| ४ | खरिद व्यवस्थापन तथा सार्वजनिक वित्त व्यवस्थापन | ३ दिने (जिल्ला स्तर) | कार्यपालिका सदस्यहरु मध्येबाट १ जना , प्रमुख प्रशासकिय अधिकृत, लेखा प्रमुख, प्राविधिक कर्मचारी १, खरिद इकाई कर्मचारी १ सहित जम्मा ५ जना | |

***नोट: माथि उल्लेखित शर्तहरु वाहेकका अन्य खर्चको हकमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका बमोजिम गर्नुपर्नेछ । न्यायिक समिति लगायत माथि उल्लेखित तालिमहरु अन्य कुनै निकाय वा संस्थाबाट संचालन हुने अवस्था रहेमा दोहोरो हुने गरी एउटै तालिम संचालन नगर्ने । उक्त तालिमको सट्टा एकीकृत सम्पत्ति कर सम्बन्धी तालिम संचालन गर्ने र श्रोत अपुग हुने भएमा सम्बन्धित स्थानीय तहको श्रोतबाट खर्चको ब्यबस्थापन गर्ने ।***

२०७५।०१।११
**राष्ट्रिय कार्यक्रम प्रबन्धक**

बोधार्थ:
१. श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सबै)
२. श्री गाउंपालिकाको कार्यालय (सबै)
३. आर्थिक प्रशासन शाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
४. एल. जि. सि. डि. पि. प्रादेशिक सहयोग इकाईहरु (सबै)